Jesus, our Recreator God II

# येशू फेरि सृष्टि गर्नुहुने परमेश्वर
## भाग २

परिचय

सबै मानिसहरू जसलाई येशूले छुनुभयो, ती सबै "कुख्यात पापीहरू" थिएनन् । अब यस बाँकी भागमा हामी ती व्यक्तिहरूलाई हेर्नेछौं, जुनहरूलाई येशूले पुनः सृष्टि गर्नुभयो ।

हाम्रो अध्ययन

निकोदेमस

**धर्मशास्त्रः यूहन्ना ३:१-२ "फरिसीहरूमध्ये निकोदेमस नाम भएका एकजना मानिस थिए । तिनी यहूदीहरूका महासभाका एक सदस्य थिए । यिनी राति येशूकहाँ आए र उहाँलाई भने, 'गुरुज्यू हामी जान्दछौं, तपाईं परमेश्वरबाट आउनुभएको शिक्षक हुनुहुन्छ किनकि परमेश्वर साथमा हुनुभएन भने तपाईंले गर्नुभएका यी चिन्हहरू कसैले गर्न सक्दैन ।'"**

१. निकोदेमस को थिए ?

.................................................................

.................................................................

२. येशूको बारेमा उसले के थाहा गर्‍यो ?

.................................................................

.................................................................

**धर्मशास्त्रः यूहन्ना ३:३-५ "येशूले तिनलाई जवाफ दिनुभयो, 'साच्चै म तिमीहरूलाई भन्दछु, कोही नयाँ गरी जन्मेन भने उसले परमेश्वरको राज्य देख्न सक्दैन ।' निकोदेमसले उहाँलाई भने, 'मानिस बुढो भएपछि कसरी जन्मन सक्छ र ? के त्यो आफ्नी आमाको कोखमा दोस्रोचोटी पसेर जन्मन सक्छ ?' येशूले जवाफ दिनुभयो, 'साँच्चै म तिमीलाई भन्दछु, कोही पानी र आत्माद्वारा जन्मेन भने परमेश्वरको राज्यमा पस्न सक्दैन'।"**

३. येशूले उनलाई के भन्नुभयो ?

.................................................................

.................................................................

४. निकोदेमसको प्रश्न के थियो ?

.................................................................

.................................................................

५. येशूले उसलाई यसरी जवाफ दिनुभयो ?

.................................................................

.................................................................

हामीलाई थाहा छ कि निकोदेमस येशूको अनुयायी भए किनभने येशूको क्रूसको मृत्युपछि पनि उसको नाम फेरि उल्लेख भएको छ ।

**धर्मशास्त्रः यूहन्ना १९:३८-४० "त्यसपछि** अरिमथियाको **योसेफ, जो यहूदीको डरले गर्दा गुप्तमा** मात्र येशूको चेला **थिए, तिनले पिलातसलाई येशूको मृत शरीर** लैजान पाउँ **भनी बिन्ती गरे । पिलातसले अनुमति दिए ।** तब तिनले आएर **उहाँको मृत शरीर लगे । अनि अघि उहाँकहाँ** राति आउने **निकोदेमस पनि प्रायः तेत्तीस किलो मूर्र र** एलवा मिश्रित **द्रव्य लिएर त्यहाँ आए । यसरी तिनीहरूले** येशूको शरीर **यहूदीहरूको दफन-कार्यको रीतिअनुसार सुगन्धित द्रव्यसँग सुति कपडामा बाँधे ।"**

६. अरिमथियाका योसेफले के गरे ?

.................................................................

.................................................................

७. उनलाई कसले साथ दिए ?

.................................................................

.................................................................

८. ती दुई मानिसहरूले के गरे ?

.................................................................

.................................................................

अब तपाईंको पालो हो । आफ्नो कल्पना र विचार अनुसार निकोदेमसको पुरानो जीवन र येशूको मृत्युपछिको उसको जीवनबारे वर्णन गर्नुहोस् ।

**धर्मशास्त्रः लूका ८:४३-४४, ४६-४८ "बाह्र दिनदेखि रक्तस्रावले पिडित एउटी स्त्री, जसलाई कसैले निको पार्न सकेको थिएन, त्यसले पछिल्तिरबाट आएर उहाँको लुगाको एक छेऊ छोई र तुरुन्तै त्यसको रक्तस्राव बन्द भयो । तर**

**येशूले भन्नुभयो, 'कसैले मलाई छोएकै हो किनभने शक्ति मबाट निस्केर गएको मैले थाहा पाएँ ।' अब आफू लुकिरहन नसक्ने कुरा थाहा पाएर त्यो स्त्री काम्दै आई र उहाँको सामुन्ने घोप्टो परी र किन त्यसले उहाँलाई छोई, अनि कसरी तुरुन्तै निको भई सो कुरा सब मानिसहरूका सामु बताइदिई । उहाँले त्यसलाई भन्नुभयो, 'छोरी तिम्रो विश्वासले तिमीलाई निको पारेको छ, शान्तिसँग जाऊ ।'"**

९. यस स्त्रीको के समस्या थियो ?

.................................................................

.................................................................

त्यसबेलाको संस्कृतिमा त्यस्ति स्त्री 'अशुद्ध' हुन्थिन् । तिनी र तिनको पतिबीच शारीरिक सम्बन्ध हुन सक्दैन थियो ।

१०. त्यस स्त्रीले के गरिन ?

.................................................................

.................................................................

११. त्यसपछि के भयो ?

.................................................................

.................................................................

१२. येशूले के भन्नुभयो ?

.................................................................

.................................................................

१३. त्यस स्त्रीले आफूले येशूलाई छोएको हो भनेर स्वीकार गरेपछि येशूले तिनलाई के भन्नुभयो ?

.................................................................

.................................................................

तपाईंको विचारमा यस स्त्रीलाई येशूसँगको आकस्मिक भेट र चङ्गाई पाएपछि के भयो होला ?

## कप्तान

**धर्मशास्त्रः मत्ती ८:५-६, ८-९ "येशू कफर्नहुममा पस्नुहुँदा एकजना कप्तान उहाँकहाँ आएर बिन्ती गर्न लागे । तिनले भने, 'हे प्रभु, मेरा नोकर पक्षघातले साह्रै दुःख पाएर घर मा ओछ्यानमा परेको छ ।' ...तर कप्तानले भने, 'हे प्रभु, तपाईंलाई मेरो घरमा स्वागत गर्न योग्यको म छैन । तर वचनमात्र बोलिदिनुहोस् र मेरो नोकर निको हुनेछ किनकि म पनि अधिकारीहरूको अधीनमा छु अनि मेरो अधीनमा सिपाहीहरू छन् । म एक जनालाई जा भन्छु अनि त्यो जान्छ र अर्कालाई आइज भन्छु अनि त्यो आउँछ । मेरो कमारालाई यसो गर् भन्छु अनि त्यसले त्यो गर्छ ।'"**

१४. कप्तान के चाहन्थ्यो ?

.................................................................

.................................................................

**धर्मशास्त्रः लूका ७:४-५ "तिनीहरू येशूकहाँ आएर यसो भनेर उहाँलाई आग्रहपूर्वक बिन्ती गरे, 'तिनी तपाईंको यो कृपा पाउने योग्यका छन्, किनभने तिनले हाम्रो जातिलाई प्रेम गर्दछन् र तिनले नै हाम्रो सभाघर बनाइदिएका हुन् ।'"**

१५. यी पदहरूका अनुसार कप्तानको बारेमा हामी के बुझ्छौ ?

.................................................................

.................................................................

**धर्मशास्त्रः मत्ती ८:१३ "तब येशूले कप्तानलाई भन्नुभयो, 'जाऊ जस्तो तिमीले विश्वास गरेका छौ, त्यस्तै तिमीलाई होस् ।' अनि त्यो नोकर त्यही घडी निको भयो ।"**

१६. येशूले कप्तानलाई के भन्नुभयो ?

.................................................................

.................................................................

१७. त्यसपछि के भयो ?

.................................................................

.................................................................

येशूसँगको आकस्मिक भेटपछि कप्तानको जीवनबारे केही खण्डहरू आफ्नै विचारमा लेख्नुहोस् ।

**धर्मशास्त्रः लूका८:४१-४२, ५१-५५- "याइरस नामका एकजना सभाघरका शासक आएर येशूको पाउमा परे र तिनको घरमा आउनुहोस् भनी बिन्ती गरे किनकि बाह्र वर्ष पुगेकी तिनकी एकमात्र छोरी थिई, जो मर्न लागेकी थिई । ...जब उहाँ घरमा पुग्नुभयो, तब उहाँले पत्रुस, याकूब, यूहन्ना र बालिकाका बाबु र आमाबाहेक अरू कसैलाई उहाँसँग भित्र आउन**

**दिनुभएन् । सबै जना रोइरहेका र बिलौना गरिरहेका थिए, तर उहाँले भन्नुभयो, 'नरोओ त्यो मरेकी छैन, तर सुतेकी छे ।' त्यो मरिसकेकी छे भन्ने जानेर तिनीहरू उहाँको हाँसो गर्न लागे, तर उहाँले त्यसको हात समातेर यसो भनेर बोलाउन लाग्नुभयो, 'नानी उठ ।' अनि त्यसको प्राण फर्केर आयो र त्यो तुरुन्तै उठी र उहाँले त्यसलाई केही खान दिनु भन्ने आज्ञा दिनुभयो ।"**

१८. येशूले कसलाई भटे ?

..................................................................

..................................................................

१९. उनी के चाहन्थ्ये ?

..................................................................

..................................................................

२०. जब येशूले मानिसरुलाई 'शोक गर्न छोड, किनकि बालिका सुतेकी छिन' भन्नुभयो, तब मानिसहरूको प्रतिक्रिया कस्तो थियो ?

..................................................................

..................................................................

२१. येशूले बालिकालाई के गर्नुभयो ?

..................................................................

..................................................................

२२. त्यसपछि के भयो ?

..................................................................

..................................................................

अब, तपाईंको पालो हो । येशूले त्यस बालिकालाई मृतकबाट जीवित पार्नुभयो, त्यसपछि त्यो परिवारमा के भयो होला आफ्नो विचार बताउनुहोस् ।

**धर्मशास्त्र: मर्कूस ७:२५-३० "त्यसै बेला एउटी स्त्रीले उहाँको विषयमा सुनी र आएर उहाँको पाउमा परी- त्यस स्त्रीको छोरीलाई अशुद्ध आत्मा लागेको थियो । त्यो सिरियाको फोनिकेमा जन्मेकी एउटी ग्रीक स्त्री थिई । त्यस स्त्रीले आफ्नी छोरीबाट भूत निकालिदिऊन् भनी उहाँलाई बिन्ती गरी । उहाँले त्यसलाई भन्नुभयो, 'पहिले छोराछोरीहरूलाई खान देऊ किनकि छोराछोरीहरूका रोटी लिएर कुकुरलाई फालिदिनु उचित होइन् ।' तर त्यसले उहाँलाई भनी, 'हो, प्रभु तर कुकुरहरूले पनि त छोराछोरीहरूले टेबुलमुनी खसालेका टुक्राहरू खान्छन् ।' उहाँले त्यसलाई भन्नुभयो, 'तिमीले यसो भनेको कारण नै तिमी घर जाऊ । तिम्री छोरीबाट भूत निस्केर गएको छ ।' त्यो घरमा गई र छोरीलाई खाटमा सुतिरहेकी भेट्टाई र त्यसबाट भूतचाहिँ निस्किसकेको थियो ।"**

२३. येशूकहाँ को आई ?

..................................................................

..................................................................

२४. येशूले के गरिदिएको तिनी चाहन्थीन् ?

..................................................................

..................................................................

२५. तिनको प्रतिक्रियामा येशूले के जवाफ दिनुभयो ?

..................................................................

..................................................................

२६. त्यसपछि के भयो ?

..................................................................

..................................................................

त्यस बालिकाको चङ्गाईपछि, त्यस स्त्री र त्यो बालिकाको जीवनमा के भयो होला ? आफ्नै विचार लेख्नुहोस् ।

२७. येशूको 'पुन: सृष्टि' गर्ने काम हाम्रो जीवनमा कहिल्यै सकिँदैन् । आफ्नो पछिल्लो जीवन फर्केर हेर्दा येशूले तपाईंको जीवनलाई पुन: सृष्टि गर्नुभएका कुराहरूको व्याख्या (वर्णन) गर्नुहोस् ।

..................................................................

..................................................................

**उत्तरहरू**

१. एक फरिसी, यहूदीहरूका सभाका सदस्य,
२. कि उहाँ एक शिक्षक जो परमेश्वरबाट आउनुभएको हो,
३. "नयाँ गरी जन्मेन भने कोही पनि परमेश्वरको राज्यमा प्रवेश गर्न पाउँदैनन्",
४. मानिस बुढो भएपछि कसरी जन्मन सक्छ र ? के त्यो आफ्नी आमाको कोखमा दोस्रोचोटी पसेर जन्मन सक्छ ?,
५. कोही पनि पानी र आत्माद्वारा जन्मेन भने परमेश्वरको राज्यमा पस्न सक्दैन,
६. उनले पिलातससँग येशूको शरीर मागे,
७. निकोदेमस,
८. तिनीहरूले येशूको शरीर यहूदीहरूको दफन-कार्यको रीतिअनुसार सुगन्धित द्रव्यसँग सूतीको कपडामा बाधे,
९. तिनी बाह्र वर्षदेखि रक्तस्राबले पिडित थिइन्, तर तिनलाई कसैले निको पार्न सकेको थिएन,
१०. त्यसले येशूको लुगाको एक छेऊ छोई,
११. त्यसको रक्तस्राब बन्द भयो,
१२. "कसैले मलाई छोएकै हो किनभने शक्ति मबाट निस्केर गएको मैले थाहा पाएँ ",
१३. "छोरी तिम्रो विश्वासले तिमीलाई निको पारेको छ, शान्तिसँग जाऊ",
१४. येशूले उसको नोकर निको पारेको,
१५. कि तिनले हाम्रो जातिलाई प्रेम गर्छन् र तिनले नै हाम्रो सभाघर बनाइदिएका हुन्,
१६. "जाऊ जस्तो तिमीले विश्वास गरेका छौ, त्यस्तै तिमीलाई होस्,
१७. अनि त्यो नोकर त्यही घडी निको भयो,
१८. याइरस, सभाघरका शासक,
१९. येशूले उसको सानी छोरी निको पारिदिऊन्,
२०. तिनीहरू हाँसे,
२१. "नानी ऊठ",
२२. अनि त्यसको प्राण फर्केर आयो र त्यो तुरुन्तै उठी,
२३. एउटी ग्रीक स्त्री जसकी छोरी अशुद्ध आत्माले सताइएकी थिइन्,
२४. उसकी छोरीबाट भुतात्मा निकालिदिऊन् भनी,
२५. तिमीले यसो भनेको कारण नै तिमी घर जाऊ । तिम्री छोरीबाट भूत निस्केर गएको छ,
२६. त्यो घर गई, त्यसकी छोरीबाट भूत निस्किसकेको थियो ।

यस प्रकाशनका सम्पूर्ण धर्म शास्त्रीय वचन पवित्र बाइबलबाट लिइएको हो ।

All rights reserved.
Translated & Printed by: Aglow International-Nepal
c/o P.O. Box 3358, Kathmandu, Nepal